
# किनाराका मान्छे

कृष्णमुरारी भण्डारी



# किनाराका मान्छे

## सामाजिक परिवारको आत्मकथा

कृष्णमुरारी भण्डारी

सम्पादक : माधव ढुङ्गेल

**प्रकाशक : समग्र विकास सेवा केन्द्र**
**चाबहिल, काठमाडौं**
**फोन : ०१–४४६९६४९**
**इमेल : info@samagra-nepal.org.np**
**वेबसाइट : www.samagra-nepal.org**

सर्वाधिकार © समग्र विकास सेवा केन्द्र

पहिलो संस्करण : २०७१
डिजाइन : ले–आउट प्रि–प्रेस, ०१–४४२०००३

**ISBN : 978-9937-2-9049-4**


यस पुस्तकको कुनै पनि अंश वा पूरै पुस्तक कुनै पनि माध्यमद्वारा पुनरूत्पादन, फोटोकपी वा प्रसारण गर्न पाइनेछैन । यदि कसैले त्यसो गरेको पाइए प्रतिलिपि अधिकार ऐनअन्तर्गत कारबाही गरिनेछ ।

**KINARA KO MANCHHE BY KRISHNA MURARI BHANDARI**

आजसम्म दुई छाक र आत्मसम्मानका लागि
शान्तिपूर्ण संघर्षरतहरूमा

# सामाजिक परिवारका तीन दशक

डोरनाथ न्यौपाने



'तपाईं नेपाल (काठमाडौं) देखि दुःख गरेर त आउनुभो, तर के गर्नु र ! बालुवाको मुट्ठी पर्दैन, दमाईं-कामीको एकता हुँदैन । यो समिति-समिति बनाउने कुरै नगरौँ ! यो यहाँ हुँदै हुँदैन ।'

म पुस्तकको भूमिका लेख्न बसेको छु, मेरो मानसपटलमा तीस वर्ष अधिको उक्त भनाइ घुमिरहेको छ । मलाई पाल्पाको झडेवा, बगाले-२ का कालिगढ तुलबहादुर विश्वकर्माले भन्नुभएको उक्त भनाइ बार-बार याद आइरहेको छ ।

२०४१ फागुनको पहिलो साता । म सामाजिक सुधारका काम गर्ने जिम्मेवारी लिएर पाल्पाको झडेवा गाउँ पञ्चायतको बगालेमा पुगेपछि मेरो पहिलो भेट भएको थियो– तुलबहादुर दाइसँग । उहाँले आफ्नो समाजको जेलिएको समस्या बताउँदै यो असंभव कार्यमा हात नहाल्न सुझाव दिनुभएको थियो । अहिले त तुलबहादुर दाइले संसार छाडिसक्नुभो । उहाँको स्वर्गवास होस् भन्ने कामना गर्दछु । ती प्रारम्भिक दिनका दृश्यहरू मेरा स्मृतिमा कुनै पुरानो चलचित्रका दृश्यजस्तै आइरहेका छन् ।

नेपाली समाजको ग्रामीण धरातल ('ग्रासरूट') मा काम गर्न थालेको ३० वर्ष नाघेको छ । त्यसबेला पाल्पा पुग्दाको जोसिलो युवा म पनि पाको पुस्तामा प्रवेश गर्दैछु । शायद् अहिलेको म त्यस्तै उमेरको हुँला, जस्तो मैले भेट्दा पाल्पाका तुलबहादुर दाइ हुनुहुन्थ्यो । मेरो युवा जोशलाई उहाँका परिपक्व सुझावले सचेत बनाएको थियो ।

संसारमै धनीका कथा धेरै लेखिए । नेपालमा पनि प्रशस्त लेखिएका छन् । उच्च कूलका धनपतिका कथा लेख्न तँछाडमछाड गर्ने सिद्धहस्तहरूको यहाँ कमी छैन । समाजमा पछाडि पारिएका गरिब, दलित, निमुखा र पिँधका मान्छेका कथा लेख्ने जाँगर कसलाई किन जाग्थ्यो र ?

पुस्तौँदेखि किनारामा परेकाहरूका कथा प्रकाशित गर्न पाउँदा अत्यन्त हर्षविभोर भएको छु । उनीहरूको उत्थानमा सघाउने प्रयासमा आफैँले लामो समयदेखि सहकार्य र सङ्गत गरेका व्यक्तिहरूको 'सफलताको कथा' पढ्दा आफूले पनि जीवनको महत्वपूर्ण कालखण्ड सत्कर्ममा खर्च गरेको महसुस गरेको छु । जीवनमा सार्थक प्रयास गरेकोमा गौरव अनुभूति भएको छ ।

पाल्पाली करूवाको पहिचान अन्तर्राष्ट्रिय स्तरमै छ । ०४० को दशकमा बगालेमा तामाका तार गालेर बनाइएका गाग्री, खड्कौला, फोसी, अम्खोरा लगायत बुट्टा कुँदेका भाँडाहरूले त्यो भेगमै ख्याति कमाएको थियो । लाहुरेका घर 'बगालेका कामीले बनाएको भाँडा' ले सजाइन्थे । बजारको माग धान्ने सामर्थ्य उनीहरूमा थिएन । यत्तिको बिक्ने सीप भएर पनि धेरैजसो देवगिर, बगाले गाउँका विश्वकर्माका छोराछोरी विद्यालय जाँदैनथे । सचेतनाको अभावमा उनीहरू फोहोरी देखिन्थे र गरिबीको चपेटामा पिल्सेका थिए ।

***

बगालेका दलितहरू सुँगुर छाडा छाड्थे । पाल्पाली जनजीब्रोमा स्थापित थियो– फोहोरका हिसाबले कोलडाँडा पहिलो, दोस्रो झडेवाको बगाले गाउँ । पाल्पाली दलित समाज पनि छुवाछुतले ग्रस्त रहेकाले त्यहाँ जातिभेदको सूत्र नै थियो– 'सार्कीभन्दा कामी अछुत, कामीभन्दा पनि दमै अछुत ।' सबैभन्दा तल पारिएका दमाईंहरूमध्ये पनि मानबहादुर परियारले सिलाएको लुगा नौ गाउँ प्रख्यात थियो । बगालेका विश्वकर्मा चाहिँ सीपका धनी भए पनि आर्थिक रूपमा विपन्न थिए ।

यस्तो थियो– देवगिर बगालेको गाउँसमाज । म पुग्दा तुलबहादुरले आरनमा बसेर व्यक्त गरेका ती शब्द आज पनि कानमा छन् । मैले अठोट गरेँ– यहीँबाट सुरू गर्छु मेरो अभियानको पहिलो पाइला । युवा जोश ! जति नै अप्ठेरो झेल्नुपरे पनि पार लगाइछाड्ने अठोटसाथ आफूलाई मानसिक रूपमा तयार पारेँ ।

म भक्तपुरको दधिकोटमा जन्मेको मान्छे । दयावीरसिंह कंसाकारले २००४ सालमा झाडाबान्ताका विरामीलाई सघाउन राणाकालमै सुरू गर्नु भएको परोपकारको प्राथमिक उपचार केन्द्र हाम्रै पहलमा दधिकोटमा खोलेका थियौं । मैले 'परोपकार दान विभाग शाखा'मा प्रधानसेवक भएर काम गरिसकेको थिएँ । त्यसबाहेक परोपकारमा लाग्नुभन्दा अघि २०३१ सालमैं दधिकोट–५ मा अनन्त सेवा गुठी खोल्यौं । यसले विरामी, सुत्केरी र मर्दापर्दा सहयोग गर्थ्यो । 'सेवकले सुख र भिखारीले मान खोज्नु हुन्न' भन्ने मैले राम्ररी बुझिसकेको थिएँ । यो अनुभवले बगालेमा काम गर्न मलाई कुनै नौलो महसुस भएको थिएन । मेरालागि मात्र ठाउँ नयाँ थियो ।

त्यसैले मभित्र सामाजिक कार्यबारे पर्याप्त ज्ञान भैसकेको थियो । छ वर्ष नापीमा काम गरेर स्थायी जागीर छाडेको मान्छे थिएँ । त्यसैले मलाई गाउँघरको दुःखसुख र अप्ठेराबारे काम गर्न मन थियो । जागिर छाडेपछि परोपकारमा काम गरेको अनुभवले मलाई थप सिकाएकोले

पाल्पा जाँदा जिल्ल पर्नुपरेको थिएन । कुनै नयाँ काम थालेको र तीभर लागेको थिएन । बगालेनजिकै देवगिरका ठूला साहू सम्बर बहादुर जीसी, विष्णुबहादुर जीसीका कम्पाउण्डवाला घर पुगेँ । यी काका-भतिजाको पहाडदेखि मधेशसम्म प्रसस्त जग्गा-जमीन र नोकर चाकर रहेछन् । ती साहू हरेक बिहान आफ्नै दलानमा भेला हुने गाउँलेहरूबाट हरेक गतिविधिको खबर लिँदा रहेछन् । झडेवा बेसी सानो रमणीय उपत्यकाजस्तै थियो । त्यहाँ हाइस्कुल थियो । यहाँको किसान माध्यमिक विद्यालयका शिक्षकहरू प्रधानाध्यापक वासुदेव अर्याल र गुणाखर अर्यालसँग भेटेँ । पञ्चायतविरोधी राजनीतिमा लागेका उहाँहरूले जवाफ दिनुभो- पहिला तपाईंकै काम हेरौँ अनि कुरा गरौँला ।

हाइस्कुल पश्चिम अलि तलतिर बजारमा स-साना चियापसल रहेछन् । त्यहाँ गएर कुरा राखेँ । पसलमा जम्मा भएका अधबैंसे उमेरका पञ्च-भलाद्मीहरूले प्रष्ट कुरा गरे- 'विकास ल्याएको भए हामीलाई दिनूस्, गरिब खोज्न आउनुभएको हो भने बगाले जानूस् । सबैभन्दा फोहोर गाउँ त्यही हो, गरिब पनि त्यहीँ छन् ।'

तत्कालीन प्रधानपञ्च क्याप्टेन चन्द्रबहादुर सारू मगरलाई भेटेँ । उनले भारतीय पल्टनबाट अवकाश लिँदा मानार्थ कप्तान उपाधि पाएका रहेछन् । लाहुरे चन्द्रबहादुरले प्रधानपञ्च जितेपछि अर्को तक्मा लाए झैं गाउँमा उनको फूर्तिफार्ती बढेको रहेछ । उहाँले सोझो भाषामा भन्नुभो, 'जनताले रूचाए बस, नभए जाऊ । 'आईडीएस' (इण्टिग्रेटेड डेभलपमेन्ट सिस्टम) बाट पहिला आएको मान्छेलाई गाउँलेले रूचाएनन्, राति नै भागेछ ।' उहाँका झर्रा कुरा सुनेँ, आफ्नै बाटो लागेँ । मैले पनि बगालेको गरिब बस्ती नै रोजेँ ।

२०४१ फागुन २७ गते । एकाबिहानै बगाले पुगेँ । त्यहाँ खाने पानीको पैसा उठाउने छलफल चलिरहेको थियो तर बगालेबासी महिला एक घन्टा तलबाट डोकामा बोकेर पानी ल्याउँथे । मुनेश्वर

शिवभक्तिको आँगनमा भइरहेको छलफलमा म आफैँ मिसिएँ । म आमन्त्रित भने थिइन । 'नमस्कार, म डोरनाथ न्यौपाने ! आईडीएसबाट आएको । तपाईंहरूको दुःखमा सहयोगी हुनसक्छु कि भनेर', मैले हात जोडेर परिचय दिँदै भनेँ ।

मुनेश्वरजीको आँगनमा १५-२० जना भेला भएका थिए । छलफल सकिन लागेकाले मैले परिचय दिएपछि दुई-चार जना त उठेर जान लागे । मुनेश्वरजीले भन्नुभो, 'एकछिन बसौँ न, उहाँका कुरा पनि सुनौँ न । चित्त बुझे गरौँला, नबुझे छँदैछ आफ्नो काम ।' मुनेश्वरजी राणा प्रधानमन्त्री चन्द्रसमशेरले अमलेख गरेका कमारा-कमारीका वंशज रहेछन् । सज्जन र नम्र उनी बगाले समाजमा सम्मानित रहेछन् । १२-१५ जनाको उपस्थितिमा छलफल चल्यो । मैले आफ्नो कुरा राखेँ ।

गाउँले भेलाबाट पहिलो आय-आर्जन समिति गठन भयो- बगालेमा । यो नै भविष्यको सामाजिक परिवारको बन्यो । समितिको नाम के राख्ने भनेर निकै सोचविचार नगरेको पनि हैन । बगालेको परम्परागत सीपलाई प्रबर्द्धन गर्ने 'आय-आर्जन समिति' नै ठीक भन्ने निष्कर्षमा पुगियो । मुनेश्वरजी अध्यक्ष चुनिए । अहिलेको सामाजिक परिवारको पुर्खा 'आय-आर्जन समिति' गठन भयो । कोषाध्यक्षमा छानिए- अमृतबहादुर विश्वकर्मा । समितिले पहिलो निर्णय गऱ्यो- गाउँमा कोष खडा गर्ने । प्रत्येकलाई १० रूपैयाँ भर्ना शुल्क र प्रतिमहिना हरेकले दुई रूपैयाँ जम्मा गर्ने । मृत्यु, बिरामी र सुत्केरीमा समितिभित्र एकआपसमा सहयोग गर्ने ।

म बेसीमा डेरा गरी बस्थेँ- चित्रेछापको कुनाका खड्गबहादुर केसी (कार्की) को घरमा । बगालेबाट पौने घन्टाटाढा समितिको बैठक बस्थ्यो, गाउँ सफा गर्ने छलफल पनि हुन्थ्यो तर सफा कसैले गरेन । मैले मानसिक इलाज गर्ने उपाय निकालेँ । गरेर देखाउँने कसैले

नदेखी आफैँले गाउँ बढार्ने विचार आयो । बिहान तीन बजे नै उठेर बगालेमा कसैले नदेख्ने गरी सुँगुरको फोहोर बढाँर्न शुरू गरेँ । पहिलो दिन एक घन्टा बढारेँ । बिहान महिलाहरू नउठ्दै पाँच बजे फर्कें । तीन दिनसम्म बढार्दा अलिकति मात्र बाँकी रह्यो । गाउँको बाटो आफैं बढारिएको देखेर गाउँले भने चकित परे । चौथो दिन पूरै गाउँ बढारी सक्न थालेको, महिलाहरूले चियो गरेर बसेका रहेछन् । म फेला परिहालेँ । त्यसबेला मेरो नाउँ नै 'आईडीएस सर' भइसकेको थियो, सबैले मलाई चिन्थे– 'आईडीएस सर' ! 'ओहो, आईडीएस सरले हाम्रो च्वाँचेको बिष्टा बढारेको ? के गर्नुभएको यस्तो, हामीलाई लाजमर्नु भएन ? !', अमृतबहादुरकी श्रीमतीले भन्नुभो । मैले भनेँ, 'भाउजू, यो फोहोर राख्नु पनि त भएन । मेरो पनि त गाउँ हो । गाउँमा होहल्ला भयो । सबै भेला भए । मलाई बाँकी बढार्न दिएनन् । आफैँ बढार्न अघि सरे । त्यसपछि गाउँ सफा हुन थाल्यो । आ–आफ्नो घर अगाडि आफैँ सफा गर्ने संस्कार नै बस्यो ।

म भने लाँकुरीको फेदमा उभिएर बोल्न थाल्ने भएँ । वरिपरि गाउँका महिलाहरू जम्मा भएपछि अनि मैले सम्झाएँ, 'यो गाउँ सफा राख्नुपर्छ । तपाईंहरू पनि सफा हुनूस् । नुहाइधुवाइ गर्नुस् । आफ्नो कपाल कोर्नुस् । छोराछोरीलाई पनि नुहाइदिनुस् । बच्चाबच्चीको नाकको सिँगान पुछिदिन विकास चाहिन्छ र ?'

त्यसबेला महिलाहरू भाउजू–आमासरहका । मैले यही मौका हो भनेर छोरीचेलीका पहिरनबारे पनि चेतना भर्ने कोशिश गरेँ, 'पाँच रूपैयाँको जाँघीले लाख रूपैयाँमा पनि नपाइने इज्जत जोगाउँछ । यो पनि तपाईंहरूले ख्याल गरिदिनुपर्‍यो ।' त्यसपछि बगालेमा घाँगर मात्र लगाउने चलनमा जाँघी थपियो । गाउँमात्र हैन, आफू र बालबच्चा पनि सफा राख्ने चलन सुरू भयो ।

बगालेमा प्रारम्भ भएको 'स्वावलम्वन' को यो अभियान केही महिनापछि नै झडेवाका गाउँहरूमा फैलियो । एक वर्ष नबित्दै पाल्पाका

अरू गाउँ पञ्चायतहरूमा पनि यो विस्तार भयो । २०४२ मंसिर १ गते किसान माध्यमिक विद्यालयको रजत जयन्ती थियो । त्यसको तयारी भव्य भैरहेको थियो । मौकाको फाइदा लिने कार्यक्रम हामीले पनि बनायौँ । बगालेमा उत्पादित तामाका भाडाको प्रदर्शनी गर्ने र यसको प्रचारप्रसार गर्ने तयारी सुरू गरियो । कालिगढहरू रातभरि बसेर थरिथरिका भाँडा बनाउन थाले । 'आईडीएस' बाट प्राप्त २५ हजार रूपैयाँ पनि यसका लागि बगालेमा लगानी गरियो ।

रजत जयन्ती समारोहमा 'आईडीएस' का कार्यकारी निर्देशक डा. देवेन्द्रराज पाण्डेलाई पनि निम्ता पठाइयो । कात्तिक मसान्तका दिन डाक्टर साप बगाले पुग्नुभो । डा. पाण्डेले भोलिपल्ट मंसिर १ गते किसान माविको प्रदर्शनी कक्षमा बगालेका कालिगढको सीप जब देख्नुभो, उहाँले हर्षले पुलकित हुँदै मलाई भन्नुभो, 'स्याबास डोरनाथ, गरेर देखायौ ।' साँझ साँस्कृतिक कार्यक्रम थियो, त्यहाँ 'पश्चात्ताप' भन्ने नाटक मञ्चन भयो । त्यहीँको समाजलाई चित्रण गरिएको उक्त नाटकको लेखन र निर्देशनमा मेरो मुख्य भूमिका थियो । मैले बूढो मान्छेको अभिनय गरेको नाटक डा. पाण्डेले पनि हेर्नुभो । तिहारलगत्तै भएको यो प्रदर्शनीले 'आईडीएस' को यो कार्यक्रमलाई राम्ररी स्थापित गरायो ।

प्रदर्शनीमा बगालेका भाँडा मात्र हैन, मूला, सागपातको पनि प्रदर्शनी भयो । 'आईडीएस' मूला, चोयाका टोकरी, फलामे औजार, तामाका भाँडा राखिए । मानबहादुर परिवारले सिलाएका लुगा पनि प्रदर्शनीमा टाँगिए । सुँगुरको मलमा 'आईडीएस' मूला यसरी सप्रिए कि अमृतबहादुर एक दिन रक्सी खाएर आएको सुरमा आफैंले रोपेको बारीको मूलालाई समातेर सोध्दै रहेछन्, 'ए मूला, त मेरै बारीमा फलेको मूला होस् त ?' मैले एक सलाइ बट्टा बीउ एक रूपैयाँ लिएर

दिन्थेँ । ड्याङ पारेर रोप्न पनि सघाएको थिएँ । मूलाले त मेरो इज्जतै राखिदियो । झडेवामा गठित धेरै आयआर्जन समितिहरू प्रदर्शनीमा सहभागी भए । प्रदर्शनीमा ४० हजार रूपैयाँको व्यापार भयो । तीन दिनको रजत जयन्ती महोत्सवले जिल्लाब्यापी चर्चा पायो ।

हामीले वितरण गरेको 'मिनुअर्ली मूला' (जापानी सेतो मूला) को बीउको नाम नै 'आईडीएस मूला' रहेको थियो । यसको बीउ भक्तपुरको हाम्रो गाउँ दधिकोटमा उत्पादन हुन्थ्यो । महोत्सवबाट 'आईडीएस मूला' बोकेर जाने सहभागी धेरै भए । यसरी फैलियो– आईडीएस कार्यक्रम ग्रामीण भेगमा । बगालेका विश्वकर्माहरूको हातमा नगद पर्‍यो । 'आईडीएस मूला' र आफ्नो सीपको सार्दम बेचेर कमाएको पैसाले उनीहरूले साहूको ऋण, तिरे । बालबच्चालाई नयाँ लुगा पनि किनिदिए ।

कार्यकारी निर्देशक डा. पाण्डे काठमाडौंमा बसेर 'आईडीएस' को प्रवर्द्धन गर्नुहुन्थ्यो । विश्लेषण गर्नुहुन्थ्यो । त्यसलाई कार्यान्वयन तहमा पुर्‍याउन म दिनरात नभनी 'ग्रासरूट'मा खट्थेँ । मेरो चिनारी नै फेरिएर 'आईडीएस सर' भएको थियो– पाल्पामा । दिनभरि गाउँमा जोतिएर काम गर्थें । राति मट्टीतेलको टुकी बाल्थेँ । टिनको ट्याङ्कामाथि कागज राखेर गाउँका उपलब्धि लेख्थेँ र केन्द्रमा पठाउथेँ । त्यसरी दिनरात काम गर्दा पनि किंचित थकाइ महसुस हुँदैनथ्यो । पाल्पामा देखिएको परिवर्तनले मलाई सरकारी जागीर छाडेर हिँडेकोमा पश्चात्तापको त के कुरा, जीवनमा ठीक समयमा साह्रै राम्रो निर्णय गरेँछु भन्ने सन्तोष मिलेको थियो ।

संयोग पनि गजबको, कार्यकारी निर्देशक डा. पाण्डे पनि अर्थसचिवबाट राजीनामा दिएर हिँड्नुभएको रहेछ । हामी दुबै जागीर छाडेकाहरूलाई एकसाथ बनाइदिनुभएको थियो– अग्रज पत्रकार

आदरणीय भैरव रिसाल दाइले । पिँधका मान्छेको प्रगतिमा डा. पाण्डे र म जति सन्तुष्ट थियौं, त्योभन्दा बढी हर्षित बगालेका विश्वकर्मा देखिन्थेँ । ग्रामीण विकासको नमुना बन्यो पाल्पाको झडेवा गाउँ ।

***

'आयआर्जन समिति' नाम राखिएको सामाजिक परिवारले प्रत्येक महिनामा एकपटक जम्मा भएर छलफल गर्न सुरू गरे । मासिक रूपमा वचत गर्ने गरी कोष खडा गरे । मर्दा-पर्दा, बिरामी, सुत्केरी हुँदाको अड्कोपड्को त्यही कोषबाट फुकाउन थाले । खानपान र बानी-व्यवहार पनि सुधारे । कुलत र छुवाछुतविरूद्ध चेतना फैलियो । घरवरपर भएको थोरै करेसाबारीमा उन्नत तरकारी फल्न थाले । फलफूलका बिरूवा लगाउन पनि सुरू भो । बगाले गाउँभरिकै घर-आँगन बाटो सफा हुन थाल्यो । बालबच्चा विद्यालय जान थाले । यो गतिविधि सर्वत्र फैलियो । त्यसपछि लमजुङ-गोरखा हुँदै पहाड र तराइ-मधेश गरी मुलुकका १७ जिल्लामा सामाजिक परिवार विस्तार भयो ।

प्रारम्भिक दिनमा बगालेबाट आयआर्जन समितिको काम थाल्दा धेरै अवसर र चुनौतीका अनुभव सँगालिए । जुन सबैभन्दा यादगार भएर रह्यो । त्यहाँ मेरो ज्यान दाग्नेदेखि स्याबासी दिनेसम्म भए । 'उच्च'हरूले आफ्नो स्वार्थमा धक्का लाग्दा बन्दुक ताके । निमुखा, गरिब र अवसरबिहीनहरूले स्याबासी दिए । शिक्षा क्षेत्रमा काम गर्ने धेरैले धन्यवाद भने । अहिले फर्किएर हेर्दा ती चुनौतीपूर्ण दिनहरू रमाइला लाग्छन् । बगालेले गरेर देखाइदियो- पाल्पाको सबैभन्दा फोहोरी भनेर सबैले छि::छि दुर्दुर गर्ने उक्त गाउँ नमुना गाउँ बन्यो । जिल्लामै कृषि, कुटिर उद्योग, तरकारी खेतीमा उदाहरणीय भयो । त्यहाँको सफलता हेर्न आउनेको ताँती मेचीदेखि महाकालीसम्मबाट चल्यो । विकास पत्रकारिताको लागि पाल्पाको झडेवा तीर्थस्थलजस्तै बन्यो ।

०४८ सालमा त्यहाँ पुगेका सिद्धहस्त पत्रकार किशोर नेपालले 'सुरूचि साप्ताहिक' मा श्रृङ्खलाबद्ध लेख लेखे, 'के डोरनाथ माले हुन् त ?' उनले लेखे, 'बीपी कोइरालाले परिकल्पना गरेको समाजवाद झडेवाको बगालेमा डोरनाथ न्यौपानेले व्यावहारिक रूपमा उतारेका छन्, हेर्न गए हुन्छ .... ।' त्यसपछि स्वदेशी, विदेशीहरू त्यहाँ ओइरिन थाले । एक जना विदेशीले त 'आईडीएस' को बानेश्वर कार्यालय नखुल्दै बिहानै आएर बोर्डमा लेखेर छाडेछन्– 'झडेवाको कार्यक्रम कुखुराको फुलबाट चल्ला कोरलियो । कसैले पुनः फुल बनाउन चाहेमा असंभव !' डा. पाण्डेले मलाई खुशी हुँदै यो सुनाउनुभएको थियो ।

हामीसँग यस्तै कार्यक्रम माग गर्ने त्यतिकै भए । कार्यक्रम माग्नेलाई हाम्रो उत्तर हुन्थ्यो, 'यो माग गर्ने र दिने हैन, अभियानका रूपमा सञ्चालन भएको हो । गर्दै सिक्दै जाने काम हो । तपाईंहरू सुरू गर्नुस्, हामीले जानेको तपाईंहरूलाई बताउँला !'

'आय आर्जन समिति' कै नामबाट धेरै वर्ष काम गर्‍यौं । 'आईडीएस', 'ग्रामीण स्वावलम्बन विकास सेवाकेन्द्र' ('आरएसडीसी') हुँदै 'समग्र' सम्म आइपुग्दा गाउँमा अभियानकै रूपमा धेरै काम गर्‍यौं । बगालेको कुटीर उद्योगबाट थालेको यो यात्रा 'समग्र' मा आइपुग्दा त हरितसडक बनाउने सामर्थ्यसमेत गाउँकै मानिसमा हुने प्रमाणित गर्न सफल भयौँ । खानेपानी, स-साना निर्माणका काम गर्दा पुगेका सहयोगहरू सिंचाइ, विद्यालय भवन त धेरै ठाँउमा बनायौँ । समग्रले उत्तरी गोर्खामा घोडेटो बाटोसमेत बनाउने अनुभव र आँट सँगाल्यौं । यति विविध अभियानलाई 'आयआर्जन समिति' भन्ने नामले बोकेर हिँड्न सक्दैन भन्ने मनभरि लागिरहन्थ्यो । हामी मौलिक रूपमा सर्वसाधारणले बुझ्न सक्ने नामको खोजीमा थियौँ । अर्को उपयुक्त नाम जुर्न सकेको थिएन ।

***

२०५३ सालमा पूर्वी नेपालको संखुवासभा र भोजपुर जिल्लामा काम गर्ने अठोट गऱ्यौं । पाल्पाका उत्प्रेरक र दक्षिण गोर्खामा वरिष्ठ उत्प्रेरकको रूपमा सफल भोला राउत यसैनिम्ति संखुवासभा खटिए । यो 'समग्र'को आफ्नै स्रोतमा सुरू गरिएको कार्यक्रम थियो ।

१२ वर्षअघि पाल्पाको बगालेका कालिगढको सीप र मेहनतलाई कार्यरूप दिन समूहको नाम 'आय आर्जन समिति' सुझाइएका थियौँ तर हाम्रो अभियानको उद्देश्य आय आर्जन मात्र थिएन । जुन ठाउँमा जे जरूरत पर्छ, त्यसका लागि सिङ्गो समाज एकजुट भएर सामूहिक प्रयास गर्नु नै हाम्रो मुख्य उद्देश्य थियो । र, छ पनि ।

कतै प्रौढ कक्षा सञ्चालित छन् । कतै महिलाहरूलाई सशक्तीकरण गर्ने कार्यक्रम छ । कतै पोषण, सरसफाइ, करेसाबारी, उन्नत बीउविजनमा सहयोग गरेका छौँ । सँगसँगै सामाजिक चेतना बढाउँदै फजुल खर्च, कुलत, छुवाछुतविरूद्धको सामाजिक अभियान पनि अघि बढाएका छौँ । जिल्लास्थित सरकारी निकायमा जाने स्रोत–साधनमा समुदायको पहुँच वृद्धि गरी सरकारी निकाय र सामाजिक परिवारबीच सुमधुर सम्बन्ध गर्ने कार्य अचम्मैसँग सफल भएको छ ।

हाम्रो अभियानको पहिलो शर्त हुन्थ्यो– सङ्गठित हुनु । दोस्रो, सरसफाइ । तेस्रो उमेर पुगेका बालबालिकालाई अनिवार्य विद्यालय पठाउनुपर्ने । त्यस्तै, महिनामा एक दिन अनिवार्य भेटघाट र छलफल । त्यसबाट कोष संकलन र आउँदो महिना के गर्ने भन्ने काम तय हुन्थ्यो । बितेको महिनामा भएका कामको समीक्षा हुन्थ्यो । यस्तो काम गर्ने संगठनको नाम थियो– 'आय आर्जन समिति ।' यो नामले हाम्रो अभियानलाई समेट्न गाह्रो पनि परिरहेको थियो । हुँदा–हुँदा हामी त क्षेत्र बढाउँदै खानेपानी, घोडेटो बाटो बनाउने काममा पनि सक्रिय भइसकेका थियौँ । गाउँमा रहुन्जेल मनमा खुल्दुली हुन्थ्यो– हाम्रो कामअनुसारको नाम मिलेन । 'मनको बह कतै साथीभाइसँग नकह' ।

यसो बैठक र भेट्घाटमा भन्थेँ- लौ न मिल्दो नाम फुराउनूस् ! उहाँहरू आफ्नै काममा व्यस्त । म पनि आफैमा बेफुर्सदी ! कतिपय गैरसरकारी संस्थाहरूले काम गरेका क्षेत्रहरूमा पनि यस्तै खालका नाम देखिन्थ्यो ।

०५४ साल मंसिरको कुरा हो, भोजपुरको दिङ्लामा दुवै जिल्लामा कार्यरत साथीहरूसँग अन्तर्क्रिया राख्यौँ- शिक्षाप्रेमी षडानन्द गुरूको पावनभूमिमा । अघिल्लो शताब्दीमा बालगुरूको सद्भाव र शिक्षा प्रेम व्यवहार उतारेको थलो हो दिङ्ला ।

हामी अन्तर्क्रियाका लागि संखुवासभाको तुम्लिङटारबाट त्यसतर्फ लाग्यौँ । अरूण नदीको झोलुङ्गे पुल सतीघाट तरेर जब पारि लाग्यौँ, उतैका साथी ज्ञानेन्द्र बोगटीले कुरा झिके । सतीघाटकी योगमाया न्यौपानेले राणा शासनविरूद्ध नारी चेतनाका लागि आफूसहित ६८ जनाले सामूहिकरूपमा अरूण नदीमा फालहानेर प्राण त्यागेको नारी संघर्षको गौरवपूर्ण गाथा सुनाए । त्यसबेला राणाशाही झुकेको थियो । यो प्रेरणादायी घटना सुन्दासुन्दै त्यसै-त्यसै मन पुलकित भयो । योगमायाको युग परिवर्तको माग र उनको साहसिक नेतृत्वको कुरा सम्झँदा अहिले पनि श्रद्धाले शीर झुक्यो । बाक्लो जङ्गलबीच तर्पाइ-तर्पाइ उकालो गोरेटो । चराहरूको चिर्बिर-चिर्बिर आवाज संगीतमय लागिरहेको थियो । तलबाट बग्ने अरूण नदीको सुस्केरा पार्श्व ध्वनि झैं थियो । मेरो मन भने एकोहोरिएर सोचिरहेको थियो- मुलुकभरि यस्तै समूह बनाएर काम गर्न पाए ! आय आर्जन समितिको उपयुक्त नाम जुराउन पाए !

उकालो चढ्दै थियौँ । डाँडा काटिनै लाग्दा देउरालीमा पसिना पुछ्दै बस्यौँ । मनले सोच्यो- घर-परिवारजस्तै हो, हाम्रो आय आर्जन समिति ! एउटाको दुःखमा अर्को दुःखी हुने, एउटाको सुखमा अर्को रमाउने र थप हौसला दिने । बच्चा-बच्चीलाई सबैले माया गर्ने ।

बूढा हजुरआमा हजुरबालाई सहारा दिने । सबै मिलेर सकेजति मेहनत गर्ने । कसैको गाँस कसैले नखोस्ने, बरू आफू एक गाँस कम खाएर भए पनि सबैले बाँडेर खाने । निर्धालाई बढी दिने । हामी त यस्तो आदर्श संस्कारमा हुर्केका छौँ । कोही कतै भोकैनाङ्गै त पर्दैन । घरमूलीले आफू पसिना बगाएर, केही सिप नलागे बाँधा बसेर पनि आफ्नो परिवारलाई सुखसुविधा दिन लागिपरेकै छ । यस्तै त हो नि हाम्रो 'आय आर्जन समिति' पनि । घरपरिवार जस्तै । धेरै घरपरिवार संगठित भएकोले यो 'सामाजिक परिवार' ! मेरो मन विश्वस्त भयो । लौ फुऱ्यो ......!

आय आर्जन समितिको सक्कली अवतार सामाजिक परिवार हुन्छ । यही ठीक छ । म फुरूङ्ग भएँ । ३०-३५ घर परिवार मिलेर बेनेको संगठित समूहलाई 'सामाजिक परिवार' नाम दिने निष्कर्षमा पुग्यौँ ।

साथी ज्ञानेन्द्र बोगटीले बारीको पाटो देखाउदै भने- षडानन्द अधिकारीको जन्मघर यहीँ हो । हामी त हिँडदा-हिँडदै दिङ्ला बजार पुग्न लागेछौँ । रूद्राक्षका ठूल्ठूला वृक्ष । एकमुखेदेखि पाँच, सात, नौमुखे रूद्राक्षको मूल्य फरक हुँदो रहेछ । एकमुखे रूद्राक्ष चाहिँ एउटा रूखमा तीनवटा फल्छ रे ! एउटा आकाश, अर्को पाताल जान्छ अनि एउटा पृथ्वीमा रहन्छ । त्यो ठूलो भाग्यमानीले फेला पार्छ भन्ने मिथक रहेछ ।

दिङ्ला तीन दिन बसियो । त्यहाँका विद्धान शिक्षकहरूले षडानन्द गुरूका मग्मगाउँदा किम्बदन्तीहरू सुनाउनुभो । रूमालमात्र ओछ्याएर अरूण तरी दार्जीलिङ, सिक्किमसम्म पुगेको । शिक्षा सम्बन्धमा प्रवचन दिएको, भोजपुरमा काशी विश्वविद्यालय जस्तै शैक्षिक प्रतिष्ठान बनाउन खोजेको । दलित, राई, लिम्बू, क्षत्री, बाहुन सबैलाई संस्कृतिक विद्यामा पारङ्गत तुल्याएको आदि आदि ।

दिङ्लाको गोष्ठीले पारित गर्‍यो– हामीले अबउप्रान्त बनाउने समूहहरूको नाम 'सामाजिक परिवार' राख्ने । सामाजिक परिवार गठन गर्दा महिलालाई पहिलो प्राथमिकता दिने पनि तय भयो । पहिला गठन गरिएका 'आय आर्जन समिति' लाई क्रमशः सामाजिक परिवारमा रूपान्तरण गर्दै लैजाने निर्णय पनि भयो ।

पाल्पाबाट ३० वर्षअघि थालिएको 'सामाजिक परिवार' अभियान अहिले देशका धेरै जिल्लामा फैलिएको छ । यो अभियान विपन्न र सहारा नपाएकाहरूका लागि टेवा दिने लौरो बनेको छ । '२९ दिन घरपरिवारलाई, एक दिन सामाजिक परिवारलाई' भन्ने अभ्यास गर्दै आएको सामाजिक परिवारका मसमेत २९ जना अभियन्ताका आत्मकथाको संगालो हो, यो पुस्तक । हिमाल, पहाड, तराई–मधेसका प्रतिनिधि पात्रका जीवनगाथालाई उनेर एउटा छोटो मालाको रूपमा यो कृति प्रस्तुत गरिएको छ ।

पुस्तकमा समेटिएका पात्रहरू नै सबैभन्दा सफल र अब्बल अवश्य हैनन् । थुप्रै सामाजिक परिवारका सदस्यहरूलाई यहाँ समेट्न सकिएको छैन । यो कृति 'समग्र' को पहिलो प्रयास हो । यो रूचिकर सावित भएमा अरू प्रकाशित गर्न हौसला मिल्नेछ । त्यसैले सबैको साथ, सहयोग र सुझावको अपेक्षा गर्दछौँ ।

यो आत्मकथा हिमाल, पहाड, तराइ–मधेशका सामाजिक परिवारसम्म पुगेर साना मसिना कुरा लेख्ने वरिष्ठ पत्रकार कृष्णमुरारी भण्डारी धन्यवादका पात्र हुनुहुन्छ । गरिबका पिँढी–आँगनमा बसी 'एउटा गरिब किसानले हतुवा भैंसी पगारेर दूध निकालेजस्तै' कथा निकालेर यो पुस्तकको स्वरूप दिनुभएको छ । विपन्नका मित्र लेखक भण्डारीप्रति आभार प्रकट गर्दछु । आलेखलाई सम्पादन गर्ने अर्का पत्रकार माधव ढुङ्गेलप्रति पनि उत्तिकै आभारी छु । यस आलेखको चरित्र सुहाँउदो डिजाइन गर्ने सुवर्ण हुमागाईंलाई पनि धन्यवाद दिन्छु ।

सामाजिक परिवारलाई ग्रामीण भेगसम्म गएर अभियान सञ्चालन गर्नका लागि आर्थिक तथा प्राविधिक सहयोग उपलब्ध गराई समग्रको यस अभियानमा साथ दिने डानिडा ह्युगो तथा गरिबी निवारण कोषप्रति हार्दिक कृतज्ञता व्यक्त गर्दछु । विभिन्न कालखण्डमा सहयोग उपलब्ध गराउने साटा, जीटीजेड, यूएसएआईडी/इन्फ्रिन, एक्सनएड लगायतका संस्थाहरू तथा उत्तमरत्न धाख्वा, विनोदकृष्ण श्रेष्ठ, केशव उपाध्याय, विहारीकृष्ण श्रेष्ठ, डा. दुर्गाप्रसाद ओझा र केशवमान शाक्यज्यूहरूलाई सधन्यवाद स्मरण गर्न चाहन्छु !

यी शब्द लेख्न बस्दा अभियानमा संलग्न उतिबेलाको जोशिलो युवा पुस्ताप्रति आभार व्यक्त गर्दछु– जसले मौकाबिहीन, विपन्न समुदायलाई सङ्गठित गरे । सामाजिक परिवारका सदस्यलाई मानवअधिकार र अधिकारमुखी तालिमले लैस बनाए । सामाजिक परिवारलाई सहयोग पुऱ्याउने गाविस, जिविस, जिल्ला सदरमुकामका सरकारी कार्यालयका प्रमुखलगायत संघ–संस्था, पत्रकार, बुद्धिजिवी, शिक्षक सबैलाई हार्दिक धन्यवाद व्यक्त गर्दछु । अहोरात्र दूरदराज गाउँ–गाउँ पुगेर यो अभियानलाई सफल पार्ने सामाजिक परिवारका सदस्यहरू, सँगसँगै लागेर तिनको आवश्यकता, मानवअधिकार सीप र अनुभवलाई एकअर्कामा साटासाट गराउने उत्प्रेरक, स्वयम्सेवक, सामाजिक परिवारका सदस्यहरूलगायत मन, वचन र कर्मबाट यस काममा सघाउने सबैमा धन्यवाद एवम् नमन गर्दछु ।

मेरा सहकर्मी प्रेमराज ढुङ्गेल, दुर्गादत्त घिमिरे, अमर अधिकारीको अमूल्य सहयोगको पनि स्मरण गर्दछु । कम्प्युटरमा सहयोग गर्ने रामहरि धितालसाई धन्यवाद दिन्छु । समग्रको लामो यात्रामा सहयोग गर्नुहुने सबैलाई धन्यवाद दिन्छु । गोरखामा कार्यरत समग्रका मित्र भरतप्रसाद श्रेष्ठ, जो कठिन दिनमा समेत संस्थालाई आगाडि बढाउन

दृढनिश्चयका साथ सामाजिक परिवारमा खटिरहनुभो, उहाँलाई विशेष धन्यवाद छ ।

पाल्पादेखि यहाँसम्म आइपुग्दा पल–पलमा सहयोग गर्नुहुने सबैलाई स्मरण गर्दछु । यो आत्मकथा संकलनमा सहयोग गर्नुहुने दुर्गाप्रसाद महतो, रूद्रनाथ कोइराला, अरूण चौधरी, कवि पुडासैनी, प्रेमकुमारी थापा, भोला राउतलगायत सबैलाई विशेष धन्यवाद ! पुस्तकमा समेटिएका पात्रहरूको उन्नति नै यस पुस्तकको सफलता हुनेछ । ग्रामीण द्वन्द्वलाई शान्तिमा रूपान्तरण गर्न सामाजिक परिवारका सदस्यहरूको ठूलो योगदान रहेको यहाँ स्मरण गर्न चाहन्छु ।

जय सामाजिक परिवार !

# विषयसूची


| | |
|---|---|
| एउटै पत्नीसँग दुईपल्ट बिहे | १ |
| ज्यादतीको हद कति ? | १७ |
| ओ हो, काठमाडौंका स्वास्नीमान्छे ! | २५ |
| बाहुन बने चमार | ३३ |
| अर्काका कुरा सुन्दै, स्वास्नी कुट्दै | ४१ |
| बाटो खनेको कमाइले टारीखेत | ४९ |
| गोरखाको विकास चेपे तरेर लमजुङ | ५५ |
| बुहारी पढाउने लहर | ६३ |
| माछो ठूलो भएपछि समुद्र खोज्छ | ७१ |
| सामाजिक परिवारबाट सभासद् र मन्त्री | ७७ |
| पिताको मादलमा कसी लगाउँदै | ८३ |
| सांसद् बन्ने सपना | ९१ |
| प्रवचन सुन्दा घुम्टो खोल | ९७ |
| हाकिमलाई चाहिने रे'छ नमस्कार | १०३ |
| दुःख मोचनका तीन सूत्र | १०९ |
| देउसी खेलेर भाँडाकुँडा | ११५ |
| मेरो पुनर्जन्म | १२३ |
| समाजको काम गर्दा ज्यादती | १३१ |
| खाजाको पैसा जोगाएर कुवा | १३९ |
| सुनदेखि शौचालय बनाउनेसम्म | १४५ |
| ल्याप्चेमाथि हस्ताक्षर | १५१ |
| सरकारी नीति र गाउँको थिति | १५९ |
| तालिम दिँदा चुहिने गाग्रो | १६७ |
| प्रश्नै प्रश्नबाट प्रशिक्षण | १७३ |
| दुर्घटनाले बढायो वचत | १७९ |
| बैंक खोल्ने गरिबको सपना | १८५ |
| दशजगापारि सामाजिक परिवार | १९५ |
| परवर खेतीको तलतल | २०१ |



प्रेमबहादुर नेगी लामा, तसर्पु गाविस-९ दामेचौर, जिम्माटोल, धादिङ ।

# एउटै पत्नीसँग दुईपल्ट बिहे

मैले पढेर केही पनि जानेको छैन, सबै 'परेर' मात्र जानेको हुँ । पढ्न त 'क-ख' पनि जान्दिन । प्रेम भनेर सही गर्न चाहिँ सक्छु । यो पनि विद्यालय सञ्चालक समितिको अध्यक्ष भएपछि गर्नैपर्छ भनेर । नभई नहुने भएपछि कनीकुथी १५ दिन लगाएर सिकेको हुँ । बूढापाका भन्थे, 'बूढो सुगालाई जति धान खुवाए पनि बोल्दैन ।' हो रै'छ । त्यसैले पाल्न समाउँनेहरू सुगा, मैनाका बचेरा नै खोज्दा रहेछन् । मलाई जुनसुकै काम दिनूस् फत्ते गर्छु तर लेखपढ गर्न सक्दै सक्दिन ।

मेरो नाम 'प्रेम' भन्दा अगाडि कुन र पछाडि कुन अक्षर आउँछ, मलाई पत्तोसम्म छैन । पढेपछि के हुन्छ भन्ने चाहिँ मलाई राम्रोसँग थाहा छ । त्यसैले मेरा पाँचवटै छोराछोरीलाई क्याम्पस त पढाएँ-पढाएँ, यो भेगकै केटाकेटीलाई उच्चशिक्षा दिलाउन प्राथमिक विद्यालयलाई उच्च माविसम्म पुऱ्याएँ, सञ्चालक समिति अध्यक्ष भएर । मेरो जीवनको सफलता भनेकै यही हो ।

मैले पढ्न पाएको भए मेरा सन्तान अझ धेरै सक्षम र सभ्य हुन्थे होलान् । म त झन् के-के हुन्थेँ-हुन्थेँ । मलाई पढ्न नसकेकोमा कुनै दुःखमनाउ छैन । मेरो परिवारमा विद्या भित्रिएकोमा साह्रै सन्तोष छ । मेरा धेरै बालबच्चा भए पनि सबैले उच्चशिक्षा पाए । दुर्गम गाउँको खनीखोस्री खाने भए पनि हामी बूढाबूढीबाहेक परिवारमा सबै शिक्षित छन् । जेठी छोरी त शिक्षिका नै बनिसकी ।

मेरो जीवनमा यस्तो हुनु महाआश्चर्य हो । म टुहुरो हुँ । अर्काको भाँडा माझ्दै, भारी बोक्दै, गिट्टी कुट्दै, कुल्लीको जीवन गुजारेर यो अवस्थासम्म आइपुगेँ । बाबु रूपा नेगी म चौध महिनाको हुँदा बित्नुभयो । गर्भे टुहुरो मेरो भाइ अढाई महिनाको नपुग्दै आमाले पनि संसार छाड्नुभो । मेरो बापट्टिकी हजुरआमा हुनुहुन्थ्यो रे ! त्यसपछि उहाँलाई सघाउन मेरी आमापट्टिकी हजुरआमा पनि हाम्रो घर आउनुभएछ । हामी शिशुहरूलाई माया गरेर दिदीले खेलाउनुहुन्थ्यो रे, आमा मरेको डेढ महिनापछि उहाँ पनि स्वर्गे हुनुभएछ । त्यसको महिना दिनभित्रै भाइ र दुबै हजुरआमा (मावली र घरकी) पनि बित्नुभएछ । त्यसपछि अब म र मेरो दाइमात्र बाँकी भयौँ । अब यी पनि मर्छन् र रूपा नेगीको वंशै मासिन्छ भनेर दाइलाई मेरी ठूलीआमा (आमाकी दिदी) ले थाक्रे गाविस, राम्चेमा लग्नुभएछ । २१ महिना उमेरको मलाई चाहिँ माइला–बाका छोरा पूर्णबहादुर नेगीले गैह्रीखर्क लगेछन् । दाइ सात–आठ वर्षको भएपछि कमाउन भनेर घट्टेखोलामा गएर गिट्टी कुट्न थालेछ । त्यहीँ ट्रकको ढालाले बूढीऔँला च्यापेछ । ट्रक अगाडि बढ्दा दाइलाई लछारेर बूढीऔँला छिनेछ । मोटो नसा कुमदेखिको एक हात तानिएर बाहिर निस्किएछ । दाइको पनि मृत्यु भएछ । यसरी हाम्रो परिवारका मबाहेक बा, आमा, दिदी, दाइ, भाइ, हजुरआमाहरू सबै सकिनुभयो । अनि हाम्रो घर, जग्गा र भाँडाकुडाका निम्ति आफन्तबीच तानातान भएछ । मेरो पैतृक ३६ रोपनी जमीन थियो । ठूलीआमाको छोरा मङ्गले र प्रधानपञ्च कर्णबहादुर लामाले त्यो आ–आफ्नो नाममा पारेछन् । नापी हुँदा ११ रोपनी भने मेरो नाममा लेखिएको रहेछ । त्यो पनि मङ्गलेले प्रधानपञ्चसँग मिलेर लालपूर्जा आफ्नो हातमा पारेको रहेछ– रूपा नेगीको छोरो दमैसिं मै हूँ भनेर ।

मेरो खास नाम दमैसिं हो । नाम बिगारेर दमै भएको होइन । गाउँमा केटाकेटी कलिलैमा मर्ने भएकाले 'तल्लो जात' का दमै–कामीलाई

'बेच्ने' चलन रहेछ । जुन जातले किनेको छ, त्यही नाम राखिने रहेछ । मेरो दाइको नाम पनि 'सार्की' राखिएको रहेछ । दिदीलाई कामीले 'किनेका' रहेछन्, त्यसैले उसको नाम 'कामी' रहेछ । गर्भे टुहुरो भाइको नाम 'गर्पु' राखिएको रहेछ । 'पानी नचल्ने' जातलाई बेच्दा पनि मबाहेक कोही बाँचेनन् । त्यसैले यसलाई छोए मरिन्छ भनेर मलाई पनि पछिसम्म गाउँलेहरू छुँदैनथे । कसैको घरमा गएँ भने धपाइहाल्थे, 'ए, तँ जा-जा ।' आफ्ना छोराछोरीलाई तर्साउँथे, 'योसँग खेल्न हुन्न, मरिन्छ' भनेर । मलाई देख्यो कि मान्छेहरू कुरा गरिहाल्थे, परिवारै यसरी विनाश भयो भनेर ।

ठूलीआमाकहाँ सानैदेखि काम गर्नुपर्थ्यो । बाख्रा चराउने, मुडखोलाबाट पानी बोकेर राम्चेसम्म पुऱ्याउने र अरू पनि काम गर्नपर्थ्यो । अरूका कुरा सुन्दा र आफूले गर्नुपरेको दुःख देख्दा मलाई ठूलीआमाकहाँ बस्नै मन लाग्दैनथ्यो । कमाउन पाए गरेर देखाइदिन्थे भन्ने लागिरहन्थ्यो । म नौ वर्षको भएँ । नौ पुगेपछि बुद्धि आउने रहेछ । अनि एक दिन केही नभनी ठूलीआमाकहाँबाट काम खोज्न निस्कैँ । मलाई घर छाडेर एक्लै कहीँ कतै गएको अनुभव थिएन । ढोडको थुप्रोमा रात बिताएँ । झिसमिसेमै उठेर हिडैँ । नौबिसेनजिकको जुँगेखोलामा ढुङ्गा कुटेर पैसा कमाउन सकिन्छ भन्ने सुनेको थिएँ । छ बज्दा म जुँगेखोलामा पुगिसकेको थिएँ ।

त्यहाँ मैले चिनेको एउटै अनुहार देखिन । बेस्सरी भोक लागेको थियो । गोजीमा एक पैसा थिएन । दुई-तीन घण्टासम्म मान्छेहरू भएको ठाउँमा चक्कर काटिरहेँ । एउटा ऋसरमा गाउँको एउटा मान्छे देखेँ । उहाँले पनि मलाई चिनेर सोध्नुभो, 'ए दमैं, तँ किन आएको ?'

मैले भनेँ, 'काम खोज्न ।'

उहाँले भन्नुभो, 'तँ जस्तो फुच्चेलाई कसले काम दिन्छ ?'

मैले भनेँ, 'मलाई खानलाउन दिए पुग्छ ।'

उहाँले भन्नुभो, 'ल पख्, त्यसो भए !'

आफूलाई पकाएको खाना बाँडेर मलाई पनि खुवाउनुभो । साहू केशरसिंह बल पनि आइपुगे । उहाँले साहूलाई भन्नुभो, 'यसलाई पनि काम गर्न दिनुपर्‍यो ?'

साहूले त उल्टै हप्काए, 'यो डोकोभन्दा सानो भुरोलाई के काम दिनु ?'

उहाँले आँसु झार्दै मेरो सबै जना मरेको 'कथा' सुनाए । अनि साहूले भोलिपल्टदेखि काममा लगाए । बिहान उज्यालो भएदेखि साँझसम्म काम गर्नुपर्थ्यो । मैले त्यहाँ एक महिना २५ दिन काम गरें । साहूले दिनको दुई रूपैयाँको दरले एक सय २५ रूपैयाँ दिए । त्यो पैसाबाट मैले एक जोर चप्पल, गञ्जी, कट्टु र पाइजामा किनेर लगाएँ । बाँकी ९५ रूपैयाँ बोकेर ठूलीआमाको घर गएँ । ठूलाबा र आमालाई त्यो पैसा लगेर दिएँ । उहाँहरू ज्यादै खुशी हुनुभयो ।

तीन-चार महिना ठूलीआमाकै घरमा बसेँ । मलाई लाग्यो, 'गाउँमा बाख्रा चराएर उन्नति हुन्न, काम गर्न वाहिर नै जानुपर्छ ।'

मङ्गल दाइ रसुवाको बाटो खन्दा राम्चेमा पेट्टी-ठेकेदार बनेका रहेछन् । उहाँ गाउँमा कुल्ली लिन आउनुभएको थियो । मलाई पनि जाऊँ भन्नुभो । साइट हेर्ने ओभरसियर थिए, आङकाजी शेर्पा । म सानो भएकोले उहाँको भात पकाउने, भाँडा माझ्ने र कोठा सफा गर्ने काममा लगाइएँ ।

आधा दाइको र आधा शेर्पाकोमा तीन महिना काम गरें । मङ्गल दाइसहित २२ जना कुल्लीको पैसा पनि नदिई ठेकेदार भाग्यो । उसले ज्याला त दिएन-दिएन, आफूले लगाएर गएको चप्पल र कट्टु पनि च्यातिइसकेको थियो । नाइकेले बाटामा गहुँ भुटेर खुवाउँदै काठमाडौं बसपार्क ल्यायो । 'ल, अब घर जान खर्च' भनेर दुई-दुई रूपैयाँ बाँड्यो । फेरि ठूलीआमाको घर गएँ, तीन मोहर ट्रक भाडा

तिरेर । उहाँले पैसा नल्याएको भनेर राति घरभित्र छिर्नै दिनुभएन । म बेस्मारी रोएँ । छिमेककी छ्यामाले सुन्नुभएछ, बोलाउनुभो । मलाई 'टुहुरो कहाँबाट आइस्' भनेर माया गर्नुभो । मकैको खोले पकाएर खान दिनुभो ।

भोलिपल्ट गाउँ डुलेँ । गोपाल लोप्चान चाबहिलको ओम अस्पतालअगाडि पर्खाल लगाउने पेट्टी–ठेकेदार रहेछन् । मैले आफ्नो दुःख सुनाएँ । उहाँलाई भनेँ, 'मलाई खान मात्र दिनू, बरू ज्याला चाहिन्न ।'

उहाँले भन्नुभो, 'ल हिँड् ।'

हामी चार–पाँच जना 'प्लेटफारम' ट्रक चढेर चाबहिल हिँड्यौँ । मेरो कट्टु फाटेको थियो । बाटोमा उहाँले जिस्क्याउनुभो, 'तेरो कट्टुबाट मुसा निस्कियो ।' नौबिसे पुगेपछि ट्रक रोक्नुभो । एउटा कट्टु किनिदिनुभो । मेरो लाज ढाकियो । चाबहिल पुगेपछि कुल्लीले खाएर बाँकी रहेको खाना खान दिए । म अति भोकाएको थिएँ । खूब मीठो भयो । भोलिदेखि काम गर्ने तय भयो ।

हामीसँगै गएका अष्ट पहिला पनि चाबहिल गैसकेका रहेछन् । उनले भने, 'ए दमाईं ल हिँड्, तँलाई म चाबहिल डुलाउँछु ।'

हामी डुल्न हिँड्यौँ । चाबहिल चोकबाट चुच्चेपाटीतिर पाँच–छ घरअगाडि पुगेपछि धुञ्चेमा मैले भात पकाएका ओभरसियर आङ्काजी शेर्पा भेटिनुभो । उहाँले छक्क परेर सोध्नुभो, 'दमै, तिमी मलाई खाना खुवाउने मान्छे, कहाँबाट यहाँ आयौ ?'

मैले आफ्नो दुःखका कथा सुनाएँ, 'पैसा नल्याएको भनेर घरमा पनि पस्न दिनुभएन ठूलीआमाले । दुःख पाएँ । फेरि कुल्ली काम गर्न आएको ।'

शेर्पाले भन्नुभो, 'तिमीलाई मिल्ने काम छ । पैसा पनि दिन्छ, खान–लाउन पनि दिन्छ । मसँग हिँड ।'

मैंले भनेँ, 'गोपाल दाइलाई नभनी मिल्दैन ।'

शेर्पा गोपाल बस्ने ठाउँमै आउनुभो । उहाँले गोपाललाई भन्नुभो, 'म यसलाई विदेशीकहाँ काम मिलाइदिन्छु, यसको कल्याण हुन्छ । बरू तपाईंले खर्च हालेर ल्याउनुभएको होला यसलाई, ल लिनूस् यो पैसा ।'

शेर्पाले गोपाललाई दुई सय रूपैयाँ र आफ्नो नाम ठेगाना दिनुभो । गोपालले लिन मान्नुभएन । उहाँले पनि यो दुःखीलाई सेवा गर्नुपर्छ भन्नुभो ।

गोपालले मलाई सोध्नुभो, 'दमै, तँ जान्छस् त ?'

मैले भनेँ, 'पाए त जान्थेँ ।'

शेर्पाले ट्याक्सी रोक्नुभो । मलाई आफूसँगै त्यसैमा चढाउनुभो । ट्याक्सीमा बस्दा त म अचम्मैमा परेँ, सिट त कस्तो गद्धावाल रहेछ !

अनि ड्राइभरलाई हेरेँ । दामेचौरकै दाइ हुनुहुँदोरहेछ । मैले बोलाएँ, 'दाइ दाइ !' उहाँ बोल्दै  बोल्नुभएन । उहाँलाई त मसँग बोल्दा पनि मरिन्छ भन्ने डर रहेछ । उहाँको नजरमा म त कालको बीउ नै रहेछु ! तैपनि मैले 'दाइ' भन्न छोडिन, उहाँ मरिगए बोल्नुभएन ।

ट्याक्सी डिल्लीबजार, पीपलबोटको उकालोबाट दायातिर कच्ची बाटोमा मोडियो । अनि मलाई डर लाग्न थाल्यो । हाम्रो भाषामा यस्तो बाटो लागेपछि भन्थे, 'गण्डक से चापता भोर्पा ।' जसको अर्थ हुन्छ– 'भूतलाई दिन मान्छे लाने बाटो !'

ट्याक्सी रोकियो । शेर्पा घण्टी बजाउन थाल्नुभो । मैले फेरि ड्राइभरलाई 'दाइ–दाइ' भनेँ । उहाँ बोल्दै बोल्नुभएन । साँझको बेला थियो । अकस्मात एउटी महिलाले ढोका खोल्नुभो ।

शेर्पाले हात समातेर मलाईभित्र लग्नुभो । ढोका आफैँ बन्द भयो । भुइँ टिलिक्क सफा थियो । ढोका खोल्ने महिला पातली अग्ली हुनुहुन्थ्यो । मलाई लाग्यो, 'पक्कै यो किचकन्ने हो ।' म डरले थर्थर कामेको थिएँ ।

मनमा लाग्यो, 'कहाँबाट भूतको घाटमै आइपुगियो । आज यहीँ मर्नै लेखेको रहेछ ।'

त्यो महिलाको खुट्टातिर हेरेँ । मैले सुनेको किचकन्नेको जस्तो उल्टो फर्केको छ कि भनेर । त्यस्तो देखिन ।

उहाँहरूले के–के कुरा गर्नुभो । त्यसपछि मलाई मेरा सबै लुगा खोल्न भन्नुभो । कोठाभित्र तातोपानी भएको सानोपोखरीमा माडी–माडी नुहाइदिनुभो । मलाई लगाउन नयाँ लुगा ल्याएर दिनुभो । मेरो लुगा चाहिँ बाहिर लगेर मट्टीतेल खन्याएर डढाइयो ।

खान दिनुभो । मेरो सुत्ने ठाउँ देखाइदिनुभो ।  महिलाले भन्नुभो, 'अबदेखि तिम्रो नाम कामी होइन, प्रेमबहादुर हो ।' शेर्पा जानुभो– भोलि भेटौँला भनेर । म चाहिँ रातभरि सुत्न पनि सकिन, मरिन्छ होला भनेर । भोलिपल्ट एउटी दिदी आउनुभो । म राम्ररी नेपाली बोल्न पनि जान्दिनथेँ । तैपनि उहाँका कुरा सुनेँ । उहाँ चाहिँ मान्छे नै हो भन्ने लाग्यो मलाई  । धेरै कुरा सिकाउनुभो । माझेका भाँडा पनि त्यहाँ पुछेर राख्नुपर्थ्यो । भुइँ पुछ्नुपर्थ्यो । ठूलो स्वरमा बोल्नु हुन्नथ्यो । ठीक समयमा सुत्नु र उठ्नु पर्थ्यो । खाना ग्यासमा पाक्थ्यो । लुगा सधैँ सफा लगाउनुपर्थ्यो । कपाल पनि समयमा काट्नु र कोर्नुपर्थ्यो । नुहाइधुवाइ गरिरहनुपर्थ्यो ।

म लगातार अढाई वर्ष बसेँ त्यहाँ । त्यही कम्पाउण्डमा साइकल सिकेँ । मलाई किन–किन घर जान मन लाग्यो । मैले कोरियन बूढीआमैलाई घर जान्छु भनेँ । उहाँले को–को छन् घरमा भनेर सोध्नुभो । सबैलाई पुग्ने गरी लुगाफाटो र खाने कुरा झोलामा हालेर लैजान भन्नुभो । हिँड्नुअघि पच्चीस सय रूपैयाँ पनि दिनुभो– तिम्रो पैसा भनेर ।

म ठूलीआमाको घर पुगेँ ।  सुरूमा त कसैले चिनेन । शायद् गोह्रो, मोटो, फूर्तिलो चट्ट परेको र सुकिला लुगा लगाएकोले होला ।

ठूली आमाले भन्नुभयो, 'अब तेरो बिहे गर्नुपर्छ ।'

मैले हाँसेर भनेँ, 'अहिल्यै कहाँ बिहे गर्नु ? पहिला घर व्यवहार मिलाउनुपर्‍यो । मेरो नाममा घरजग्गा नामसारी गर्नुपर्‍यो, अनि पो बिहे ठूलीआमा !'

त्यो सुनेपछि बूढी त मसँग रिसाउन पो थाल्नुभो । उहाँले भन्नुभो, 'के मिलाउनु छ र ? घरमा दाइ बसेको छ । जग्गा बारीमै छ ।'

मैले भनेँ, 'त्यसरी कहाँ हुन्छ ? मेरो नाउँमा हुनुपरेन ?'

अझ रिसाएर भन्नुभो, 'आफूले पालेको कुकुरले आफैँलाई टोक्छ भनेको यही हो ।'

त्यसपछि मलाई के गरूँ-गरूँ भयो । बाबुको नाउँको घर-जग्गा आफ्नो नाउँमा ल्याउन नागरिकता चाहिन्छ भने गाउँलेहरूले । नागरिकता बनाउन सिफारिस चाहिने रहेछ । प्रधानपञ्च कर्णबहादुर लामालाई गएर भनेँ, 'मलाई सिफारिस बनाइदिनुस् ।'

उहाँले भन्नुभो, 'तिम्रो नागरिकता बनाउन तिम्रो बाबुको नागरिकता चाहिन्छ ।'

मैले भनेँ, 'मेरो बाबुआमाको नागरिकता थियो कि थिएन, तपाईंलाई नै थाहा होला ।'

उहाँले भन्नुभो, 'कुनै हालतमा त्यो नभई हुन्न ।'

त्यसपछि मलाई गाउँमा बस्नै मन लागेन । मलाई बाबुआमाको नासो घरजग्गा आफ्नो पार्ने हुट्हुटी लाग्यो । फेरि कोरियनकहाँ फर्किएँ र डेढ वर्ष बसेँ । त्यसपछि भनेँ, 'अब म यहाँ बस्दिनँ, घर जान्छु ।'

कोरियन बूढीआमै त रून थाल्नुभो, 'तँलाई हुर्काएँ । अब लायक भइस्, जान्छु भन्छस् ।'

मैले भनेँ, 'अर्को मान्छे राख्नूस्, अब जान्छु । बरू मलाई अहिलेसम्मको तलब पनि चाहिन्न ।'

बूढीआमा त झन् चिच्याएर रून थाल्नुभो । शेर्पालाई भनेँ, 'मेरो घरमा यस्तो छ भनिदिनूस् । मलाई नागरिकता बनाउनु छ ।'

सबै कुरा भनेपछि बूढीले नौ हजार रूपैयाँ दिँदै भन्नुभो, 'नागरिकता तिम्रो सम्पत्ति हो । यही पैसाले बनाउनू ।'

म गाउँ फर्किएँ । सीधै प्रधानपञ्चकहाँ गएँ र सिफारिश बनाइदिन भनेँ । उहाँले भन्नुभो, 'म सक्दिन ।'

मेरै घरमा म बाहिरिया बनेँ । मङ्गल दाइले पनि घरमा टेक्न दिन्न भन्नुभो । म रन्थनिएर ताउमा परेको माछाजस्तो भएँ । गाउँमै हल्लिने-रल्लिने गर्न थालेँ । गाउँमा एउटी माइलीदिदीको होटल थियो । उहाँले मलाई सधैँ भनिरहनुहुन्थ्यो, 'हिम्मत नहार् केटा ।' उहाँ मलाई खान पनि दिनुहुन्थ्यो तर कहिल्यै हिसाब गर्नुभएन । उहाँ भन्नुहुन्थ्यो, 'एउटा अभागीलाई सहयोग गरेर धर्म गर्दैछु ।'

मलाई भने 'कहाँ जाऊँ, के गरौँ' हुन्थ्यो ।

एक दिन थाहा पाएँ, 'तिलकबहादुर नेगी भन्ने मन्त्री छन्, प्रायः काठमाडौं बस्छन् ।' म पनि नेगी भएकोले आशा जाग्यो– यिनले सहयोग गर्छन् कि ! उनी पुरानो बानेश्वरमा बस्दा रहेछन्, मन्त्री खुस्केपछि बबरमहल सरेछन् । उहाँकहाँ गए र आफ्नो व्यथा सुनाएँ । उहाँकहाँ नियमित जान थालेँ । गयो, बस्यो । खान दिइहाल्थे । घरमा भएकालाई पनि साइनो लगाएर बोल्न थालेँ । उहाँकी बूढी, छोराछोरीलाई काममा सघाउन थालेँ । बिस्तारै म त्यो घरमा प्रिय हुन थालेँ ।

एक दिन मकवानपुरबाट दाबा आएका रहेछन् । उहाँलाई नेगीले भन्नुभो, 'यो यस्तो हो । यसको समस्या नागरिकता नहुनु हो ।'

दाबाले भन्नुभो, 'म एक-डेढ हप्ता बस्छु यहाँ । तिम्रो नागरिकता म बनाइदिन्छु ।'

मलाई भगवान भेटेजस्तो लाग्यो । अनि फेरि एकपटक गाउँ गएँ । प्रधानपञ्चलाई भनेँ, 'मलाई नागरिकताको सिफारिश बनाइ दिनूस् ।'

उहाँले मलाई कुकुरलाई भन्दा पनि नराम्रो गाली गर्नुभो । उहाँले धम्क्याउनुभो, 'कुनै हालतमा तेरो नागरिकता बन्दैन । मलाई अब फेरि आएर जिस्क्याइस् भने नौ डाँडा कटाइदिन्छु ।'

मैले त रिसले आँखै देखिन । अनि भनेँ, 'म विदेशी हो र ? तिम्रैअगाडि मैले नागरिकता बनाएर देखाएँ भने के गर्छौ ?'

उहाँले भन्नुभो, 'तैंले नागरिकता बनाइस् भने म तेरो मूत खान्छु ।'

मैले पनि भनेँ, 'त्यसो भए तिमीलाई मूत खुवाएरै छाड्छु ।'

त्यहाँका मान्छेहरूले मलाई सम्झाए र भने, 'तिमी सानो भएर यस्तो बाघसँग जुध्न हुन्छ ? बेकार ज्यान खतरामा पर्छ ।'

गाउँलेले मलाई तानेर अलि टाढा लिएर गए । मैले भनेँ, 'मेरो अपराध के ? यही गाउँको भएर मैले नागरिकता नपाउने ? मेरो बाबुको सम्पत्ति पनि मेरो नहुने ? देउताले त मेरो बाआमा मारेर दण्ड दिए-दिए, अब गाउँलेले पनि मिलेर मेरै घर-जग्गा खाइदिने ?'

मैले गाउँलेहरूलाई चिया, चुरोट खुवाएँ । उहाँहरूले मलाई समर्थन गर्नुभो । सबैले भन्नुभो, 'हो, तिमीलाई अन्याय गरे ।'

मेरो २७ रोपनी जग्गा प्रधानपञ्चले आफ्नो नाउँमा गराएको रहेछ । मेरो नाउँमा भएको ११ रोपनी जग्गा पनि मङ्गल दाइले दमैसिं मैं हुँ भन्ने नागरिकता बनाएर खानीखोलाको बैंकमा राखेर पैसा निकालेछ । मैले त्यहीँ भनेँ, 'नागरिकता निकालेर बाको जग्गा मेरो नाममा पार्न सकिन भने एक्लो ज्यान हो, यिनलाई पनि बाँकी राख्दिन ।'

म काठमाडौं हिडेँ । दाबा फर्कनुभएछ । तिलकबहादुर नेगीकै घरमा भेटेँ । उहाँलाई सबै कुरा सुनाएँ । उहाँले भन्नुभो, 'यो त ज्यादै अन्याय हो । ल हेटौंडा हिंड, तिम्रो नागरिकता बनाउन आजै जाऊँ ।'

नेगी बूढासँग पनि कुरा गर्नुभो । ट्रक चढेर राती १२ बजेतिर हेटौँडा पुग्यौँ । भोलिपल्ट बिहान दाबाले मलाई सोध्नुभो, 'तिम्रो फोटो छ कि छैन ?'

मैले भनेँ, 'छैन ।'

पीपलबोटमा लगेर फोटो खिचाउनुभयो । दुई घण्टामा फोटो लिइयो, आठ रूपैयाँ तिरेर । जिल्ला प्रशासन कार्यालय गएपछि तिलकबहादुर नेगीको ठेगाना राख्नुभएछ । उहाँकै दाजुको छोराको छोरा बनाइदिनुभएछ । हजुरबा र मेरो बाको नाम भने जे थियो, त्यही राखिदिनुभएछ । नागरिकता बन्यो । त्यसपछि होटलमा उहाँले नै खाना पनि खुवाउनुभयो । नारायणघाट हुँदै मुग्लिनको बाटो गाडी चढेर म फर्किएँ । नौबिसे झरेर सिमलडाँडा दिदीकहाँ आएर बसेँ । खुशीको खबर पनि सुनाएँ । भोलिपल्ट गाउँमा गएर सबैलाई भनें । त्यसपछि प्रधानपञ्चकहाँ गएर सबैका अघिल्तिर कराएँ । कर्णबहादुर र मङ्गलेलाई औँलाले देखाउँदै भनेँ, 'तिमीहरू मेरो जग्गा दिन्छौ कि म मुद्दा हालौँ । मैले मेरो नागरिकता बनाएँ । नम्बर चाहिन्छ भने दिन्छु ।'

प्रधानपञ्च कर्णबहादुरले यत्ति मात्र भने, 'तँ मभन्दा जान्ने र ठूलो भइछस् !' मङ्गलेले घोसे मुन्टो लगायो । म मुद्दा हाल्न पुलिस चौकी र अदालत गएँ तर सुनुवाइ भएन । फेरि तिलकबहादुर नेगीकहाँ आएर भनेँ । उहाँले गाउँमा गएर भनिदिनुभो, 'यस्तो नगर, यो टुहुराको देऊ ।' प्रधानपञ्चले हुन्छ भने तर पछि दिएनन् । प्रहरीलाई पनि भन्न लगाएँ, उहाँसँग हुन्छ भने तर काम चाहिँ गरेनन् ।

प्रधानपञ्चले छोरीको बिहे गरिदिन लागेका रहेछन् । थाहा पाएँ, केटीलाई केटो मन परेको रै'नछ । कहिलेकाहीँ मसँग उनका आँखा जुध्थे । मैले पनि मौका यही हो भनेर बिहेकै दिन भगाइदिएँ । विधिपूर्वक माइली दिदी कहाँ गएर बिहे गरें । मेरो स्वार्थ थियो, ससुरा भएपछि मेरो जग्गा पनि प्रधानपञ्च कर्णबहादुरले फिर्ता देलान् । मैले श्रीमतीलाई माइत पठाइदिएँ, सम्बन्ध सुध्रने आशमा । मलाई ज्वाइँ भन्नु त कता–कता, बिहे गरेर आएकी छोरीलाई रातारात अर्कैसँग बिहे

गरेर भगाइदिएछन् । श्रीमती पनि लापत्ता भएपछि म त पागलजस्तै भएँ । एक वर्षपछि श्रीमती यहाँ छिन् भनेर सुराकी पाएँ । फेरि गएँ, दोस्रो पटक पनि भगाएर उनैसँग बिहे गरें । त्यति गर्दा पनि प्रधानपञ्च बूढाले जग्गा फिर्ता दिएनन् ।

मङ्गलेले दमैसिं मै हुँ भनेर बैंकमा राखेको जग्गा लिलामीमा चढ्यो । सावाँको डबल भनेर पाँच हजार आठ सयमा जग्गा निखनैं । यसो गर्न पनि बैंकका कर्मचारीलाई चार सय घुस खुवाउनुपऱ्यो । छुटेको पाँच रोपनी जग्गा आफ्नो नाममा पारैं । ससुराले खाएको जग्गा भने लिन सकिन । उनी पनि मरे, सकियो ।

यो त भयो दमैसिंको रामकहानी । म दमैसिं प्रेमबहादुर नेगी लामा बनैं । पछि चाहिँ गाउँकै कायापलट भयो । हाम्रो गाउँ ५० सालको बाढीले क्षतिग्रस्त बनेको थियो । गाउँमा 'एनआरएमपी' भन्ने संस्था सहयोगका लागि आएको थियो । त्यसबाट प्रौढ कक्षा चलायौं । त्यसमा प्रल्हाद भन्ने खानीखोलाका हुनुहुन्थ्यो । उहाँ मेरै घरमा आउनुभो । हाम्रो गाउँमा एसएलसी त के, पाँच कक्षा पढेको मान्छे पनि थिएन । समूह बनाउन मैले मद्दत गरैं । अध्यक्षमा रत्नबहादुर वाइवालाई राखियो, उहाँ वडाध्यक्ष हुनुहुन्थ्यो । पढेको नभए पनि मलाई उपाध्यक्ष बनाए । अनि तीन कक्षासम्म चल्ने विद्यालयलाई छाउन चार बण्डल जस्ता दिनुभो ।

अहिलेका माविका हेडसर त्यही बेला प्राविमा सरकारी कोटाबाट पढाउन आउनुभएको हो । कक्षाकोठा पुगेन । 'एनआरएमपी' लाई गएर सहयोग गर्न भन्यौं । उहाँहरूले भन्नुभो, 'कार्यक्रम सकिए पनि भवन बनाउनूस्, छाउन जस्ता दिन्छौं ।' गाविसले ७० हजार रूपैयाँ दियो । जनताले काठ, ढुङ्गा श्रमदान गऱ्यौं । चारकोठे भवन बनायौं । १२ बण्डल जस्ता पाएर विद्यालय छायौं । केशव सरले ०५३/५४ सालतिर 'समग्र' ल्याउनुभयो । 'समग्र' आएर 'जनज्योति महिला आयआर्जन समिति' बनेपछि हाम्रो गाउँमा परिवर्तनको ज्योति नै आयो । यही समिति हो, जसले विद्यालयलाई यो रूपमा ल्याउन मद्दत गऱ्यो ।

संकटकालपछि ०६५ चैत २८ मा डोरनाथ सरले जनभोजन कार्यक्रम ल्याउनुभयो । यो संस्था (प्रेमसागर फाउण्डेसन, नेपाल) लाई त म भगवान नै भन्छु । जसले यो गाउँ र ठाउँको मुहारै फेऱ्यो । यसले हाम्रो ज्ञानदेखि प्राणसम्म चलायमान गरायो । सामाजिक परिवारको रूपमा यहाँका मानिस संगठित मात्र भएका छैनन्, सरसफाइ, आयआर्जन, नियमित वचत, आधुनिक खेती, व्यापार, शौचालय बनाएर दिसापिसाब गर्न र मेलमिलाप गरेर बस्न पनि सिकेका छन् । चार–पाँच सय बालबालिकले दिसापिसाब गर्दा फाउण्डेसनमा फोहोर नहुने तर दुई भुराले हात धुँदा र दिसापिसाब गर्दा घरमा किन फोहोर हुन्छ ? यसको लागि फाउण्डेसन नमुना भएको छ । पाँच वर्षमा फाउण्डेसनबाट धेरै सिक्यौँ र अझै सिक्दैछौँ ।

जन्मेजति केटाकेटी सबै हुर्काउने म गाउँको नमुना मान्छे हुँ । मानिसहरू सोध्छन्, 'कसरी तिम्रा छोराछोरी सर्लक्क हुर्किएका हुँ, दमै ?' मेरो परिवारका त्यतिधेरै जना सबै अकालमा मरे, म मात्र बाँच्न सकेँ तर मेरा केटाकेटी भने कसरी बाँचेका ? गाउँभरि छक्कै पर्छन् ।

मलाई थाहा छ– मेरा छोराछोरी कसरी हुर्केका हुन् भन्ने । यसको ठूलो कारण पनि छैन । त्यो हो– सरसफाइ गर्ने र बासी खानेकुरा बिल्कुलै नखुवाउने ।

म गाउँमा सबैभन्दा पहिले शौचालय बनाउने व्यक्ति हुँ । मैले यो बनाउँदा गाउँमा गिल्ला पनि गरे, 'दमै सधैँ एकै ठाउँमा हग्छ' भनेर ! मेरो अर्को बानी हो– पुराना कुरा घरमा राख्दै राख्दिन । पुराना भएका लुगाफाटो डढाइ हाल्छु । यो मैले कोरियनकहाँ सिकेको हुँ । श्रीमती मैले लुगा डढाएको देखेपछि रिसले आगो हुन्थिन् । उनी भन्थिन्, 'मान्छे नमरीकन लुगा डढाउन हुन्न ।'

म भन्थेँ, 'थोत्रा कुरा रोगको घर हो ।'

घरवरिपरि प्लाष्टिक, झिँझामिझा राख्नै मन लाग्दैन । आँगन जहिल्यै सिनित्त सफा हुनुपर्छ । अरूले सफा गरेनन् भन्ने होइन, म आफैँ सफा गर्छु ।

आर्थिक अवस्था कमजोर भए पनि म कहिल्यै बासी कुरा खान्न । जे छ, ताजा बनाउने र खाने हो । बच्चालाई कहिल्यै बासी खानेकुरा खुवाइँन । बच्चा बिरामी भयो भने घरमा जस्तो समस्या भए पनि छोडेर बच्चालाई काठमाडौं, सोल्टीमोडको डाक्टरकोमा लगिहाल्थेँ । त्यहाँ एकपल्ट २५ रूपैंयाँ लिएर कार्ड बनाइदिन्थे । त्यसपछि पैसा लाग्दैनथ्यो । मेरी श्रीमतीसंग भने त्यति टाढाबाट आएकी, तिमीलाई पैसा लाग्दैन भनेर दर्ताको पैसा पनि लिदैनथे ।


बच्चा लिएर हिँड्दा मेरी श्रीमतीलाई कतिले भने, 'बच्चा बोकेर ड्राइभरसँग हिँड्छे ।'

मैले उनलाई भन्थेँ, 'जसले जे भनून् तर तिमीले बच्चामा हेलचक्राइ गर्न पाउन्नौ ।'

मेरा बच्चा सबैले बेलामा खोप पाएका छन् । जे-जे गर्नुपर्ने हो सबै कुरा पाएकाले सर्लक्क हुर्किए । त्यहीबेला गाउँमा बच्चा नमरेका परिवार मेरोबाहेक अरूको थिएन । मेरा बच्चा सर्लक्क हुर्किएको देखेर अरूले पनि मेरी श्रीमतीसँग सोध्दै, डाक्टरकोमा सँगै लैजान थाले । 'जनज्योति वचत' ले यसमा साह्रै ठूलो मद्दत गऱ्यो । आफूसँग पैसा नभए पनि जनज्योतिसँग लियो र उपचार गराइहाल्यो । पछि त गाउँभरिका महिलाले यो सिके । सबै जना जनज्योतिको सदस्य पनि भए । जनज्योतिको सदस्य बनेका परिवारमा ०५४ यता पाँच वर्षमुनिको बच्चा मरेको जम्मा एउटा मात्र छ । त्यो पनि ज्वरो आएको बेला जथाभाबी खाएछ । निमोनिया र टाइफाइड भएकोले बुद्धिमान एकै रातमा गयो ।

अहिले म खुशी छु । सुखी पनि छु । राम्रो घरमा बस्छु । छोराछोरी गाउँकै नमुना छन् । घरमा पाहुनापात आइरहन्छन् । इष्टमित्र र

गाउँलेहरू कतिले भन्छन् रे, 'दमैसिं धेरै चलाख छ, कताको पैसा झ्याम पारेको छ यसले ? नभए यो कसरी यति व्यवस्थित हुनसक्यो ?' बाहिरबाट आउनेहरू मेरो कुरा सुनेर र मेरो हैसियत देखेर सोध्छन्, 'तपाईं विदेश बसेर आएको हो ?' हो भनौँ भने विदेश देखेको छैन, होइन भनौँ भने विदेशीकहाँ भाँडा माझेर त बसेको हुँ । मेरो कुरा सुनेपछि सोध्छन्, 'कति पढ्नुभएको छ ?' म भन्छु, 'म त अक्षर लेख्न पनि जान्दिन ।' पत्याउँदैनन् र भन्छन्, 'कम्तिमा बीए पास त गर्नुभएको होला । मावि विद्यालयको सञ्चालक समितिको अध्यक्ष त्यसै चलाउन सकिन्छ र ?' उहाँहरूलाई थाहा छैन, 'यो दमाइसिंह धेरै हण्डर खाएर खारिएको मात्र हो । यसले पढेर होइन, परेर जानेको हो । त्यत्तिकै यसले आफ्नै एउटी श्रीमतीलाई दुईचोटी बिहे गरेको होइन !'



सम्तोलियादेवी राम, सीतापुर गाविस-३, कल्याणपुर, सिरहा ।

# ज्यादतीको हद कति ?

मेरो बिहे कहिले र कसरी भयो, मलाई नै थाहा छैन । म सानी नानी छँदै काखीमा बोकेर जग्गेमा लगेका थिए रे ! त्यो केही सम्झना छैन । उतिबेला अहिलेजस्तो फोटो खिच्ने चलन पनि थिएन । अहिले त बिहेअघि नै केटाकेटी कुराकानी गर्छन् । सँगै बसेर फोटो पनि खिच्ने गर्छन् । ऊबेला त्यस्तो कहाँ पाउनु !?

बिहेपछि गरिने 'दुरागमन' भने मलाई अलि–अलि याद छ । त्योबेला म १४–१५ वर्ष भइसकेकी थिएँ । श्रीमानसँग भेट, चिनजान र कुराकानी गरेको त 'दिन' गरेपछि मात्र हो । मेरो जीवनकथा बताउने हो भने लाग्न सक्छ– मैले एकपुस्ता मात्र होइन, सयौँ युगको दुःख भोगेकी छु । मलाई हेर्दा ७०–७५ वर्ष भएकी जस्तै लाग्ला तर म ६० वर्ष पनि पुगेको छैन । म २०१४–१५ सालतिर मात्र जन्मिएकी हुँ ।

मलाई याद छ– त्यस्तै १६–१७ की भएकी थिएँ । मेरो दुलाहा गोरूगाडामा चढेर हाम्रो घर आउनुभएको थियो । उहाँ 'दिन' का लागि आउनुभएको रहेछ । मलाई साथीहरू, आमा–काकीहरूले जिस्क्याउन थाल्नुभो । बयलगाडा (गोरूगाडा) हाम्रो घरअगाडि आइपुगेर रोकियो । मान्छेहरू उत्रिए । ससुरालबाट बयलगाडामा 'भार' लिएर आएका रहेछन् । 'भार' तल झारे, गाडा फर्कियो । भोलिपल्ट हाम्रो गाडामा दुलही र दुलही लिन आएका उनीहरूलाई पुऱ्याइदिनुपर्थ्यो ।

भारमा अलि–अलि दही–च्युरा, जिलेबी, लड्डु, पेडा, केरा पनि ल्याएका रहेछन् । म दुलहीलाई एकजोर कपडा पनि थिए । मैले यो सबै लुकेर हेरेँ । एउटी काकीले मेरो कानमा फुस्फुसाएर सङ्केतसहित भन्नुभो, 'केटा ऊ तिनै हुन् ।' 'दिन' मा दुलहा लिन आउँदा दुलही यसैगरी लुक्ने चलन थियो । म पनि लुकेँ । अगाडि पर्न सकिनँ ।

त्यो दिन मेरा दुलाहा र उहाँसँग आएका मान्छेहरू हाम्रै घर (माइती) मा बस्नुभो । उहाँहरूलाई विशेष खाना– माछाको झोल र भात खुवाइयो । सब्जीको तरूवा पनि बनाइएको थियो । खाना खाएपछि उहाँहरूले केहीबेर 'घुर' पनि ताप्नुभो । गाईबस्तुको एक–दुई छिटी झारपात, धानको भुसजस्ता घुस्यान हालेर जाडो महिनामा आँगनमा आगो बालिन्थ्यो । अरू दिन यो सबैले ताप्ने गरिएको थियो । त्यो दिनको घुर चाहिँ हाम्रो माइतका केही लोग्नेमान्छे र आएका पाहुनाले मात्र ताप्नुभो । हामी आइमाई घुम्टो हालेर झुपडीभित्रबाट उहाँहरूका गतिविधि नियाली रह्यौँ । मैले लुकेर यी सबै गतिविधि हेरिरहँदा मलाई साथी–सङ्गीले चिमोटेर जिस्क्याइरहेका थिए । म भने रूञ्चेहाँसो मात्र हाँसिरहेकी थिएँ । मेरो मनभरि पीडा भरिएको थियो– भोलि सदाका लागि यो घर छाडेर जाँदैछु भन्ने पीरले ! भोलिपल्ट मलाई गाडामा हाले । बहलवानले हतार गरे, 'अब ढिला हुन्छ है, ढिला नगरौं । भरे पुग्न मुस्किल हुन्छ ।' बयलगाडा चलाइहाले । गाडामा मसँग दाजुभाइसमेत गरेर ३–४ जना आफन्त थिए । उहाँहरू भएकाले मलाई आड मिलेको थियो, नत्र त मेरो के हविगत हुन्थ्यो होला ?

मलाई पुऱ्याउन जानुहुने आफन्त भोलिपल्ट गाडा लिएर फर्किहाल्नुभो । अनि म परेँ बिरानो ठाउँमा एक्लै ! माइत फर्कन पनि एक–दुई वर्ष नभई पाइन्नथ्यो ! बिहे गरेर गएको घरमा पनि खानको दुःख रहेछ । अर्काको घरमा मजदुरी गर्न गयो । ज्याला कमाएर धान ल्यायो । ढिकीमा कुट्यो । त्यही पकायो, खायो ! लोग्ने 'महाजन'

(साहू) को हलो जोत्नुहुन्थ्यो । धनीमानीहरू हामीलाई चमार भन्थे । छुवाछुत पनि हाम्रो गाउँ (माइती) भन्दा अझ धेरै रहेछ यहाँ । दुःख पनि माइतभन्दा धेरै चर्को थियो ।

जग्गा-जमीन पनि रहेनछ । के गर्नु, आफ्नो भाग्य नै त्यस्तो ! घरको नाममा एउटा फुसको छाप्रो थियो । जग्गा चाहिँ त्यसैले चर्चेको सात धुर पनि रहेनछ । तीन जना नन्द, सासू-ससुरा र हामी लोग्ने-स्वास्नी गरी परिवारमा सात जना थियौँ । मेरा पनि भटाभट सन्तान भइहाले- दुई भाइ छोरा, दुईटी छोरी । अनि हाम्रो परिवार ११ जनाको भयो । एक जनाले दिनभरि काम गरेको मजदुरी पाँच सेर धान (तीन केजी) पाइन्थ्यो । लोग्ने र मैले काम गरेको दिनभरको कमाइ यत्ति नै हुन्थ्यो । त्यसैबाट अलि-अलि जोगाएर लगाउने लुगादेखि नुनतेलसम्म किन्थ्यौँ । छोराछोरीका लागि किताबकापी पनि यसैबाट किन्नुपर्थ्यो । चाडपर्व, पाहुनापाछा पनि त्यही कमाइले धान्नुपर्थ्यो ।

खाना म पकाउथेँ । चामल सासूले खटाएर दिनुहुन्थ्यो । उहाँले चामल थोरै दिनुहुन्थ्यो, अनि मैले थोरै पकाएर धेरैलाई कसरी अघाउन सक्नु ? अन्त्यमा खाना पुग्दैनथ्यो । म भान्से आफैँ भोको हुन्थेँ । गर्भमा आठ-नौ महिनाको बच्चा थियो । एक दिन मलाई यस्तो भोक लाग्यो कि के गरौँ के गरौँ भन्ने छट्पटी भयो । सायद् त्यसले 'खाना ले' भनेर मागेकोले पो थियो कि ?

घरमा एकगेडो अन्न थिएन । बारीमा सागपात पनि केही भए पो ? छरछिमेकमा केही लेऊ न भनेर पैँचो मागौँ, उनीहरू पनि उस्तै दरिद्र थिए ! भोक खप्नै नसक्ने भएँ । अति भएपछि अर्काको बारीको सजिओनको मुन्टा टिपेर ल्याएँ । त्यो उसिनेँ । गर्भको बच्चाको भोक मेटाउने प्रयास गरेँ ! दुःख त यत्ति पाइयो- सम्झना गरेर साध्य छैन ।

पापी पेट आफ्नै शरीरमा छ । त्यसले गरिबी र अभाव बुझ्दैन । त्यसलाई भोक लाग्छ, 'खाना ले' भनिरहन्छ । घरमा पेटमा हाल्ने चारो

छैन । भान्साको जिम्मा बुहारीको हुन्छ । त्यसैले मलाई लाग्छ– गरिब घरकी सबैभन्दा दुःखी बुहारी हो । जसले बनिबतो गरेर जोहो गर्छिन्, पकाउँछिन् तर अरूलाई खुवाउँदा-खुवाउँदै आफूलाई चाहिँ पुग्दैन । खान पाउँदिनन् तर खान पाइँन भन्ने छूट पनि उनलाई छैन ।

बुहारीले अरूलाई खुवाएर केही बाँकी रहे मात्र खान पाउँथे । पहिला आफू खाऊँ भने मिल्दैथ्यो । मान्यजनलाई नखुवाई आफूले खानु महापाप हुन्थ्यो । यही महापापको चेपुवामा गरिब घरका बुहारी तड्पिइरहे । मलाई लाग्छ– गरिब घरको बुहारी बन्नु भनेको भगवानले दिएको कठोर श्राप थियो । यो श्रापको फल मैले धेरै वर्षसम्म भोगेँ । आफू बुहारी हुँदाको भोगाई बिर्सेको छैन । त्यसैले अहिले म बुहारीलाई पहिला खान दिनुपर्छ भन्ने पक्षमा छु ।

हामी गरिब र 'अछुत'लाई दुःखको त पहाडले नै थिचेको जस्तो लाग्छ । बिहान सबेरै उठ्यो, घर लिपपोत गर्‍यो । धनीमानीकहाँ केही काम गर्न गयो । त्यहाँबाट फर्कियो, ज्याला ल्याएको धान ढिकीमा कुट्यो । चामल अलि धेरै भए खाना पकायो । नभए खिचडी वा खोले बनायो र खायो । दिउँसोको काम गर्न फेरि मजदुरीमा हिँड्यो । एकछिन ढिला भयो भने साहूले भन्थे– 'आज तँ ' पर्दैन त्यसो भयो भने त्यो दिन चुलोमा आगो बल्दैनथ्यो । बालबच्चा परिवार सबै भोको हुन्थे । न घरमा खाने सामल छ, न त दिउँसोको 'जल खै' (खाजा) नै हुन्थ्यो । एक दिन काम नहुँदा परिवारै भोकै हुन्थ्यो ।

चमार महिलाहरूको काम धनीमानीको घरमा चुलो बनाइदिने, अन्न राख्ने कोठी (भकारी) बनाइदिने र त्यसको लिपपोत आदि गर्नु हुन्थ्यो । कोही सुत्केरी हुने छन् भने त्यो गराउन लाग्थ्यौँ । बच्चाको सालनाल फ्याँक्थ्यौँ । सुत्केरीलाई तेल-मालिस गरिदिन्थ्यौँ । सुत्केरीका फोहोर लुगा र बच्चाको अम्रेआची लागेका टाला धोइदिन्थ्यौँ । कथम् कदाचित केही गरी बच्चा मर्‍यो भने त्यसलाई बोकेर लग्थ्यौँ । अनि खाल्डो खनेर सत्गत गर्थ्यौं ।

यत्ति काम दिनभरि गऱ्यो, ज्याला पाइन्थ्यो– कच्चा सेर धान ! थप बोझ के भने सुत्केरीका घरवालाले मौका पारेर यौनशोषण पनि गर्थे । कति महिला त सुत्केरी स्याहार्न गयो, आफैँ सुत्केरी हुने बाध्यतामा पर्थे । घरमा यस्तो गरेको कुरा कसरी भन्नू ? नभनी चूपचाप सहूँ भने कसरी सहनू ?

सुत्केरी हुँदा आफ्नै जहान, बुहारीलाई पनि छुवाछुत गर्थे– 'ठूला जात' का मान्छेहरू। तिनै बुहारी स्याहार्दा उनीहरूका लागि हाम्रा अरू सबै कुरा छोइन्थ्यो, बिटुलो हुन्थ्यो । चमार महिलालाई बलजफ्ती भोग गर्दा चाहिँ उनीहरूका लागि हाम्रा गुप्त यौनाङ्ग चाहिँ चोखा हुन्थे । यसो गरेपछि महापण्डितले पनि आफूलाई सुनपानी छर्केर चोख्याउनु आवश्यक ठान्दैनथे !

धनीमानीहरूले पनि गर्भवती महिलालाई सुत्केरी गराउन दाउरा वा पराल राख्ने मचान (गोठ) मा लैजान्थे। आफू बस्ने सफा घरमा आफ्नै श्रीमती, बुहारीलाई पनि बच्चा जन्माउन दिँदैनथे । सुत्केरी भएपछि 'ठूलो जात' वा धनीमानीकै छोरीबुहारी भए पनि स्त्री १५ दिनसम्म अछुत नै बन्थे । त्यसपछि ठकुर्नी (हजामकी पत्नी) आएर नङमा रङ्ग लगाउँथे । शुद्ध कर्म गरेपछि सुत्केरी हुने महिला चोखिन्थिन् । घर, भाँडाकुँडा र इनारसम्मलाई चोख्याइन्थ्यो । यसरी परम्परागत सामाजिक जञ्जालमा जकडिएका थियौँ– हामी 'अछुत' महिला ।

यही परम्परा धान्दै जिन्दगी गुज्रिँदैरहेको थियो । एक दिन चन्द्रदेव (राम) सर आउनुभयो । उहाँ पनि चमार ! उहाँ हाम्रै भाषा बोल्ने, हाम्रै बिरादरीको मान्छे हुनुहुन्थ्यो । उहाँले 'समग्र' को कुरा गर्नुभयो । सामाजिक परिवार बनाएर सङ्गठित हुने कुरा गर्नुभो । आफ्नो अधिकारबारे ज्ञान दिनुभो । र, अधिकार प्राप्त गर्ने तरिकाबारे बताउनुभयो ।

उहाँका कुरा सुनेर म त छक्क परेँ । उहाँले भन्नुभो, 'हामी पनि अरू मान्छे जस्तै रे ! हामी अछुत होइनौँ रे ! हामीले पनि 'उपल्लो जात' का मान्छेसँगै बस्न, खान, कुराकानी गर्न हुन्छ रे ! उनीहरू पनि हामीसँग खानपान गर्न सक्छन् रे ! किनभने हामी पनि मानिस, उनीहरू पनि उस्तै मानिस रे ! उनीहरूलाई काटे पनि रातो रगत आउने, हामीलाई काटे पनि आउने त रातै रगत हो !'

हामीले 'माँ दुर्गा सामाजिक परिवार' गठन गऱ्यौँ । अहिले म त्यसको सचिव छु । सुरूमा हामीले सामाजिक परिवार बनाएपछि मासिक दुई रूपैयाँ वचत गर्ने निर्णय गरेका थियौँ । त्यसपछि गरे हुँदो रहेछ भन्ने लाग्यो । मासिक पाँच र त्यसपछि १० रूपैयाँ जम्मा गर्न थाल्यौँ । अहिले मासिक २५ रूपैयाँसम्म वचत गर्छौं । हामी छुवाछुतविरूद्ध खूब लड्यौँ ।

'समग्र'ले हामीलाई भौतिक रूपमा केही दिएन । न पैसा बाँड्यो न त खाने अन्न नै दियो । उसले त हामीलाई अगाडि बढ्ने बाटो देखाइदियो । आ–आफूमा झगडा गर्न नहुने, छोराछोरी पढाउनुपर्ने, जाँडरक्सी खान नपाइने नियममा बाँध्यो । सबभन्दा ठूलो कुरा त कुन कार्यालयमा गरिब, 'अछुत' का निम्ति के–के कार्यक्रम र बजेट आएको छ, त्यसको खोजी गर्न सिकाइदियो । प्राप्त गर्ने शान्तिपूर्ण तरिका बुझाइदियो ।

नौ वर्षको थियो जेठो छोरो विनोद । त्यति सानो छोराले खूब दुःख काट्यो । उसलाई धनीको घरमा बाख्रा चराउन राखेको थिएँ । उसलाई 'हरूवा' राखेपछि 'मालिक' ले नून, दाल चामल दिन्थे । ससुराको मृत्यु हुँदा किरिया पनि त्यसैबाट गरियो । पाहुनालाई 'भोज' खुवाइयो । सानो थियो तर उसले भाँडा माझ्थ्यो, गुइँठा पाथ्र्यो । सामाजिक परिवार बनेपछि उसलाई त्यहाँबाट छुटाएर घर ल्याएँ । आठ कक्षासम्म त पढाएँ पनि । अहिले ३ वर्षदेखि ऊ मलेसिया गएर

काम गरिरहेको छ । अब त ऊ २५ वर्षको पनि भयोहोला । विनोदले भाइ मनोजलाई पढाउन सहयोग गऱ्यो । उसले त एसएलसी पास गर्न सक्यो । अहिले त आईएड गरिरहेछ । छोरी विमलाले पनि एसएलसी गरी । भारतमा बिहे गरिदिएको छु । त्यहीँ ऊ नर्स बनेकी छे । अर्की छोरी प्रमिलाले भने पढ्दै पढिन । १६ वर्षमै उसको बिहे गरिदिएँ ।

मेरो श्रीमान अहिले पनि हलो जोत्नुहुन्छ । अहिले त हाम्रो आफ्नो १०–१२ कट्ठा जमिन पनि भएको छ । त्यही खेतमा आलु, गोभी र अरू सागसब्जी पनि उत्पादन गर्छौँ । त्यही तरकारी बेचेको आम्दानी र विदेशबाट छोराले कमाएर पठाएको पैसाले अलि–अलि जग्गा जोड्दै छौँ । यो सबै सामाजिक परिवारमा बसेपछिको उपलब्धि हो ।